

# ४ परमेश्वरका आँखाहरु वा दृष्टहरुः संसारको बारेमा बाइबलको धारणा

***यस अध्यायका मूल पदहरू:*** हितोपदेश १५:३, अय्यूब १२:७-१०, एफिसी ६:१२, प्रकाश २०:५,६, यूहन्ना १:१-१४ र मर्कूस १२:२९-३१।

***यस अध्यायको मूल सार पद:*** "परमेश्वरका आँखाहरू संसारको प्रत्येक कुनामा छन्। असल र खराब वा दुष्ट कामगर्नेहरूमाथि उहाँको दृष्टि गइरहेको हुन्छ" (हितोपदेश १५:३ रूपान्तरित)।

युरोप देशको पोल्याण्डको कवि जेस्लो मिलोस्जले एउटा कविता लेखेका थिए। त्यस कवितामा उनले काल्पनिक जनावरहरूको बारेमा लेखेका थिए। तिनीहरूमाः एक आपसमा कुरा गर्ने खरायोहरू, कुरा गर्ने लोखर्केहरू आदि। "तिनीहरूको आफ्नै संसारका जनावरहरूसँग कतिपय साझा कुरा वा व्यक्तिगत धारणाहरू छन् जस्तै हाम्रो वास्तविक संसारमा पनि हामी सबैमा साझा कुरा वा व्यक्तिगत धारणाहरू छन्। अनि आफ्नो कवितको अन्तमा उनले लेख्छन् "त्यस बेरामा सोचौं, र थरथर कामौं।"

"थर थर काँप्नु" भन्ने शब्द शायद रूखो वा कठोर शब्द होला। तर यो तितो सत्यचाहीँ हो। आजसम्म मानिसहरूले यस संसारको बारेमा व्यक्त गरेका विभिन्न धारणाहरू सबै गलत हुन सक्छन्। उदाहरणमा हामी हेरौं, २,००० वर्ष सम्म अत्यन्तै चलाख, बुद्धिजीवि र उत्कृष्ट शिक्षित मानिसहरूले यो पृथ्वी जगतको बीचमा नचलिकन बसिरहेको छ भनेर सोचेका थिए। आज पनि अत्यन्तै शिक्षित, चलाख, दार्शनिक, बुद्धिजीवि र वैज्ञानिक भनाउँदाहरू किन नहोउन् तिनीहरूले मानव जात शुक्ष्म जीवबाट बिकसित हुँदै नरबाँदरवाट मानिस भएको हो भनेर जिकिर गर्छन् र सिकाउँछन् पनि।

हामी मानिस जाति भएकोले संसार वा विश्वलाई तटस्थ रहेर कहिल्यै पनि हेर्न सक्दैनौं। हामीहरूले आआफ्नै अनुभव र हामीलाई पारिएको प्रभावको

दृष्टिकोणले हाम्रा वरिपरि रहेका संसारलाई व्याख्या गर्न खोज्छौं र बुझ्न प्रयास गर्छौं। यो प्रयास वा हामीहरूको दृष्टिकोणले संसारलाई छानेर हेर्नेलाई विश्व-दर्शन, धारणा वा दृष्टिकोण भनिन्छ। हामीहरूका युवा पुस्ता र चर्चका विश्वासीहरूलाई यस संसार वा विश्वप्रति बाइबलको धारणा वा दृष्टिकोण कस्तो छ सो सिकाउन अत्यन्तै महत्त्वपूर्ण भएको हामी सबैले ठान्नुपर्दछ।

## १. परमेश्वरका आँखाहरू

एक समय बेलायतको प्रख्यात विश्वविद्यालय अक्सफोर्डको प्रोफेसरले एउटा अनुमानित दर्शन प्रस्तुत गरेका थिए। उनको अनुसार हामी, यस संसार र हाम्रा वरिपरि जे छ त्यो कुनै पनि वास्तविक होइन। उसको अनुसार जगतको कुनै ग्रहको जीवहरूले प्रयोग गरिरहेका सुपर वा अत्यधिक शक्तिशाली कम्प्युटरको डिजिटल सृजना हो। (कतिपय धर्मदर्शनहरूले यस संसार सबै माया वा मायाको जाल हो कुनै वास्तविक होइन भनेर पनि सिकाउँछन्)।

यो धारणा घट्लाग्दो त छ, तर त्यसले एउटा निर्णायक प्रश्न उठाउँछः वास्तविकताको स्वभाव के हो त?

त्यसको दुई फराकिलो सम्भाव्य जवाफहरू छन्। ती केवल सोचाइमात्र हुनसक्छ। पहिलो त यो जगत वा ब्रम्हाण्ड हामी समेत भएको जस्ताको त्यस्तै छ। कसैले कसैलाई सृष्टि गरेको छैन। कुनै थोक पनि कसैले आकार दिएर बनिएको छैन। यो जगत छ किनभने यो भएकोले छ। यसको नसुरू छ न अन्त छ। यो जङ्गली, मूर्ख र विवेकहीन धारणा हो। परमेश्वर छैन, कुनै भगवान छैन, कुनै देवीदेवताहरू छैन र कुनै अपार शक्ति वा दैविक शक्ति छैन भनेर यस धारणाले सिकाउँछ। कुनै वास्तविक छ वा ठोस कुरा छ भने त्यो केवल शुद्ध भौतिक वा शुद्ध स्वाभाविकै अस्तित्वमा रहिरहेको छ। कुनै नयाँ धारणा नभएतापनि २५०० वर्ष अघि कसैले भनेको थियो यहाँ केवल अणुहरूमात्र छन् र शुन्यतामात्र छन्।

अर्को धारणाले कुनै दैविक शक्तिले यस जगतको सृष्टि गरेको हो। जगत त्यसै छ र त्यसको अस्तित्वको व्याख्या गर्न आवश्यक छैन भन्दा त्यो तर्कयुक्त देखिन्छ, यो मनाशिब देखिन्छ र व्यवहारिक देखिन्छ। जे कुरा हामी यहाँ भनिरहेकाछौं त्यो प्राकृतिक संसारलाई समेत्दछ। त्यसभित्र अणु पनि छ र शुन्यता पनि छ, तर त्यसको सिमा छैन। आजभोली हामीले सुनिरहेका नास्तिक र भौतिकबाद सिद्धान्तले भन्दा त्यस धारणाले धेरै गहिरो, फराकिलो र बहुपक्षिय वास्तवकितालाई औंल्याउँछ।

माथि उठेका धारणाहरूको बारेमा देहायका पदहरूले के भन्दछ? हेर्नुहोस्, भजन ५३:१ "१ मूर्खले आफ्नो मनमा भन्छ, 'ईश्वर छँदैछैन।' तिनीहरू भ्रष्ट भएका छन्, र तिनीहरूका चाल घृणास्पद छन्। यस्तो कोही पनि छैन जसले असल गर्दछ।", हितोपदेश १५:३ "परमप्रभुको नजर सर्वत्र रहन्छ, दुष्ट र असल दुवैमाथि उहाँ नजर राख्नुहुन्छ।", यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।", यशैया ४५:२१ "हुन लागेका कुरा बताओ, त्यसलाई प्रस्तुत गर। तिनीहरूले आपसमा सल्लाह गरून्। यो कुरा कसले धेरै वर्षअघि बतायो? उहिलेदेखि यो कसले बतायो? के म, परमप्रभुले होइन र? मबाहेक अरू कोही परमेश्वर छैन। धर्मी परमेश्वर र उद्धारक, मबाहेक अरू कोही छैन।" र लूका १:२६-३६ "२६ छैटौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। २७ तिनी एउटी कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो। २८ स्वर्गदूतले तिनीकहाँ गएर भने, 'हे कृपा-पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग हुनुहुन्छ।' २९ तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्। ३० स्वर्गदूतले तिनलाई भने, 'नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। ३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन।' ३४ मरियमले स्वर्गदूतलाई भनिन्, 'यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ।' ३५ स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, 'पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, (तिमीमा हुने पवित्र बस्तु) उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ। ३६ हेर, तिम्री नातेदार एलीशिबाले पनि तिनको वृद्धावस्थामा छोरो गर्भधारण गरेकी छिन्, र जो बाँझी कहलाइएकी थिइन्, तिनी अहिले छैटौं महिनामा छिन्। ३७ किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन।"

कुनै पनि इसाई शिक्षाको केन्द्रविन्दुमा केवल परमेश्वर छ भनेर मात्र भनेर सिकाउने वास्तविकतामात्र होइन तर कस्तो खालको परमेश्वर उहाँ हुनुहुन्छ, हामीलाई अति नै प्रेम गर्नुहुने र हामीसँग आदनप्रदान गर्ने परमेश्वर हुनुहुन्छ भनेर सिकाइनुपर्दछ। उहाँ आश्चर्यकर्महरूका परमेश्वर पनि हुनुहुन्छ। उहाँले प्राकृतिक नियमहरूद्वारामात्र अचम्म अर्थात् आश्चर्यका कामहरू गर्नु हुन्न तर ती नियमको परिधिमा नरहेर उहाँको इच्छा भए त्यसबाट पार गरेर आफ्नो काम गर्नुहुन्छ। (जस्तै कन्या युवतीको गर्भमा येशू हुनु भनेको कुनै पनि प्राकृतिक नियमसँग मेल खाँदैन)। यस्तो खालको शिक्षा वर्तमान संसारमा विशेष गरेर धेरै महत्त्वपूर्ण छ किनभने धेरै वौद्धिक वा शैक्षिक जगतमा विज्ञानलाई नै साथमा लिएर खुलारूपमा निसङ्कोच नास्तिक र ईश्वरहिन भौतिकवादको सांसारिक धारणा विभिन्न माध्यम र दर्शनहरूबाट फैलाइरहेको छ।

बाइबलले सिकाएको संसारको दृष्टिकोणभन्दा नास्तिक र संकुङ्चित धारणाको बारेमा सोच्नुहोस्। बाइबलले केवल प्राकृतिक संसारलाईमात्र समेत्दैन त्यो भन्दा अपार र असिमित शक्ति भएको परमेश्वरले संसार र जगत सृष्टि गर्नुभएको हो भनेर सिकाउँछ। अन्तमा आएर बाइबलले सिकाएको संसारप्रति परमेश्वरको दृष्टिकोण तर्कसङ्गत र बुद्धिमान किन छ? नास्तिक धारणासँग बाइबलको धारणा किन मेल खाँदैन?

## २. लिबनिजले उठाएको प्रश्न

सन् १६४६मा जन्मेको गटफ्रिड विल्हेम लिबनिज एक महान् दार्शनिक, वैज्ञानिक, धर्मशास्त्रको विद्वान, गणितज्ञ, लेखक आदि थिए। उनले एउटा आधारभूत र मानिसको दिमागलाई हल्लाउने एक महत्त्वपूर्ण प्रश्न गरेका थिए: "केही नहुनेको सट्टा केही थोक किन भयो?"

लिबनिजले सोधेका प्रश्नलाई देहायका पदहरूले कसरी जवाफ दिन्छन्? हेर्नुहोस्, उत्पत्ति १:१,२ "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो।", यूहन्ना १:१-५ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति

अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।", प्रस्थान २०:८-११ "८ शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।, प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, 'परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।'" र अय्यूब १२:७-१० "७तर गएर पशुलाई सोध्नुहोस् र तिनीहरूले तपाईंलाई सिकाउनेछन्, अथवा आकाशका चराहरूलाई, अनि उनीहरूले तपाईंलाई बताउनेछन्, ८ अथवा पृथ्वीसित बोल्नुहोस्, र त्यसले तपाईंलाई सिकाउनेछ, वा समुद्रका माछालाई तपाईंलाई सिकाउन दिनुहोस्। ९ परमेश्वरको आफ्नै हातले यी सबै गर्नुभएको हो भनी यी सबैमध्येबाट कसले जान्दैन र?

१० जीवितहरू सबैका प्राण, सबै मानिस-जातिका आत्मा परमेश्वरकै हातमा छ।" कुनै विवाद वा अनुमान न नगरी बाइबलले परमेश्वरको अस्तित्वलाई स्वीकारेको कुरा अचम्म र मनमुग्धकारी छ। परमेश्वरको अस्तित्वको बारेमा विभिन्न तर्क, वादविवाद, दर्शन आदि गरेर उत्पत्ति १:१ सुरू हुँदैन। उहाँको अस्तित्वलाई स्वःत स्विकारेको छ यस पदले स्वीकारेको छ (प्रस्थान ३:१३,१४ पनि हेर्नुहोस् "१३ मोशाले परमेश्वरलाई भने, 'हेर्नुहोस्, जब म इस्राएलीहरूकहाँ गएर तिनीहरूलाई भन्नेछु, 'तिमीहरूका पितापुर्खाका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो', तब तिनीहरूले 'उहाँको नाउँ के हो त?' भनेर सोधे भने, मैले तिनीहरूलाई के भन्ने?

१४ तब परमेश्वरले मोशालाई भन्नुभयो, 'म हुँ जो म हुँ।' फेरि उहाँले भन्नुभयो, 'इस्राएलीहरूलाई तिमीले यसो भन्नू, 'म हुँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो'")। सुरूमा नै परमेश्वर सृष्टिकर्ता भनेर

बाइबलमा उहाँको चिनारी दिएको छ र बाइबलभरि परमेश्वरको त्यो चिनारी, अस्तित्व र उहाँको बारेमा सत्यहरू खुलाएको छ।

कुनै पनि इसाई शिक्षाको जग यस संसारलाई परमेश्वरले सृष्टि गर्नुभएको हो भन्ने शिक्षामा आधारित हुनुपर्छ। हामी इसाई वा येशूभक्त भएको हैशियतले हामीले गरेका सबै विश्वासका सारहरू छ दिनमा परमेश्वरले नै संसार सृष्टि गर्नुभएको थियो भन्ने विश्वासमा हुनुपर्छ। कुनै प्रायश्चितको दिन वा विधि, व्यवस्था, पाप, खराब, असल, क्रुस वा दोस्रो आगमनको व्याक्यले बाइबल सुरू गरिएको छैन।

अहँ, बाइबलको सुरूमा परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने भनाइ प्रस्तुत गर्दछ किनभने यदि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने वास्तविकतालाई हामीले स्वीकारेनौं भने माथिका कुनै पनि शिक्षादीक्षा वा दर्शनको महत्त्व हुँदैन।

त्यसकारण विश्व वा संसारको बारेमा कुनै दृष्टिकोण राखिन्छ भने बाइबलले सिकाएको सृष्टिको सिद्धान्त वा दर्शनको आधारमा हुनुपर्छ भनेर जोड दिनुपर्छ। यो जोड वा जिकिर अत्यन्तै महत्त्वपूर्ण छ, किनभने विज्ञानकै नाउँमा सृष्टिको सिद्धान्तलाई आक्रमण वा धावा गरिरहेका छन्। विकाशवाद सिद्धान्त जो प्रमाणित होइन तर अनुमानित सिद्धान्तले यस संसारको उत्पत्ति करौंड वर्ष पहिले भएको थियो र लाखौं वर्ष लगाएर मानवको बिकाश बिस्तारै भएको थियो भनेर सिकाउँदछ। यस संसार वा जगतको उत्पत्ति अचानक आफै अस्तित्वमा आएको थियो भन्ने सिद्धान्तले बाइबलमा विश्वास गर्ने लाखौंलाईको आस्थालाई ध्वस्त पारेको छ। विकासवाद सिद्धान्त जस्तो बाइबलसँग मेल नखाने र विरोधाभास शिक्षाले साधारण इसाईहरूको विश्वास पनि कसरी धरातलमा पुऱ्याइरहेको छ भन्ने कुरा कल्पना गर्न पनि गाऱ्हो छ। कतिपयले विकासवाद सिद्धान्तलाई बाइबलको शिक्षासँग तालमेल गर्न खोजिरहेको छ। यो त झन नास्तिक विकासवाद सिद्धान्तभन्दा खराब छ। विकासवाद सिद्धान्त बाइबलको निम्ति अनौठो र मेलनखाने सिद्धान्त हो। बाइबलको र सम्पूर्ण इसाई विश्वासको धज्जी वा खिल्ली नउठाइ विकासवाद सिद्धान्तलाई बाइबलमा समावेश गर्न सकिन्न।

हप्ताको सात दिनको एक दिन, हाम्रो जीवनको सातभागको एक भाग उहाँले सृष्टि गर्नुभएको सृष्टिको बारेमा सम्झिन्दै समय बिताउन परमेश्वरले हामीलाई अऱ्हाउनुभएको छ। यो जस्तो अनुरोध हामीलाई अरू कुनै शिक्षादीक्षामा उहाँले दिनुभएको छैन। यसले गर्दा इसाईले हेरिने विश्व वा

संसारको दृष्टिकोणमा परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने विश्वास हाम्रो सिद्धान्तको जग र महत्त्वपूर्ण भाग हुनुपर्छ कसरी सिकाउँछ?

## ३. बाइबलबाट हेरिने संसारप्रतिको दृष्टिकोण

हामी कसैले पनि ततष्थ भएर संसारलाई हेर्दैनौं भनेर हामीले अगाडि नै भनिसकेकाछौं। नास्तिकले आकाशको इन्द्रेणी हेर्दछन् तर यो प्राकृतिक दृष्यमात्र हो भनेर सोच्दछ। मानिसले त्यसको बारेमा के परिभाषित गर्न चाहन्छ त्यो भन्दा अरू कुनै अर्थ उसको लागि हुँदैन। तर त्यसको बिपरित बाइबलबाट हेरिने त्यस इन्द्रेणी केवल पानी र प्रकाशले गर्दा त्यो दृष्य भएको होमात्र भनेर त्यसलाई हेरिँदैन। तर यस विश्वलाई फेरि पानी वा जलप्रलयबाट पूरै ध्वस्त पारिनेछैन भन्ने परमेश्वरको प्रतिज्ञालाई बाइबलका विद्यार्थीहरूले हेर्दछन् (उत्पत्ति ९:१३-१६)। "पापको भुमरीमा परिरहेका उहाँका सृष्टिलाई बादलमा इन्द्रेणीको सुन्दरतालाई फैलाएर परमेश्वरले उहाँको करुणा र अनुग्रहलाई कस्तो प्रदर्शन गर्नुहुन्छ!...जलप्रलयपछिका पिँडीहरूले आकाशमा फैलिएको त्यस महिमित धनुको अर्थ सोधुन् र तिनीहरूका बाबुआमाले जलप्रलयको कथा सुनाउन् भन्ने परमेश्वरको चाहना हो। आफ्नो धनुलाई बादलमा ओछ्याएर अब यस पूरै पृथ्वी पानीले फेरि ढाकेर नाश हुँदैन भन्ने उच्च परमेश्वरको प्रतिज्ञा हो भनेर आफ्ना सन्तानहरूले बारम्बार सुनियोस् भनेर बाबुआमाले चाहना गर्नुपर्छ भनेर अठोत् गरुन् भन्ने लक्ष्यले त्यो इन्द्रेणी आकाशमा देखापरेको हो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १०६बाट रूपान्तरित।

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति हाम्रो सबै विश्वास, आस्था र दर्शनको आधार वा जग नै बाइबलले देखाएको संसारको दृष्टिकोण हो। संसारलाई हेर्न र बुझ्न बाइबलले नै छानेर हेर्नुपर्छ भनेर बाइबलले नै हामीलाई सिकाउँछ। हाम्रो सामु खडा भएका वा हामीले सामना गरिरहेका अनेकौं त्रसित, भयावह, आतङ्कित पार्ने, व्याख्या गर्न नसकिने महामारी र जतिल समस्याहरूलाई हाम्रो मानवीय आँखा वा दृष्टिकोणले होइन तर परमेश्वरको वचनद्वारा हेर्ने खुबी हुनुपर्छ। बाइबलमा यस्तो ढाँचा सृष्टि गरिएको छ कि हामी आफै सहभागी भएको यस अन्यौल र अलमलाउने संसारको वास्तविकतालाई राम्रोसँग बुझ्न सकौं भनेर सहयोग होस्।

वर्तमान भयाभव, आतङ्कित र अन्यौलको वास्तिकतामा हामी रहेको संसारलाई बुझ्न देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्, एफिसी

६:१२,१३ "१२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गका स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ।", मर्कूस १३:७,८ "७ जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुन्नेछौ, तब नडराओ। यस्ता घटनाहरू हुनु आवश्यक छ। तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ। ८ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ। ठाउँ-ठाउँमा भूकम्पहरू जानेछन्, अनिकालहरू हुनेछन्। योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैं सङ्कष्टको आरम्भ हो।", रोमी ५:८ "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।", रोमी ८:२२-२८ "२२ हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। २३ सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं। २४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं। अब देखिनेचाहिँ आशा त आशा नै होइन। किनकि देखेका कुराको आशा कसले गर्छ र? (वा आशा गर्नु आवश्यक छ र?) २५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं। २६ त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। २७ र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ। २८ हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ।", उपदेशक ९:३-६ "३ सूर्यमुनि हुने प्रत्येक काममा दुष्टता छ। सबैलाई एकै अन्त्य आइपर्छ। मानिसहरूका हृदय दुष्टताले भरिएका हुन्छन्, र तिनीहरूका जीवनकालभरि नै तिनीहरूका हृदय पागलपनाले भरिन्छन्, अनि त्यसपछि तिनीहरू मरेकाहरूसँग मिल्नजान्छन्। ४ बाँचिरहनेहरूका साथमा हुनेसँग आशा हुन्छ। जिउँदो कुकुरको स्थिति मरेको सिंहको भन्दा असल हो। ५ किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले

जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ। ६ तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन।" र प्रकाश २०:१-६ "१ त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लन आएका मैले देखें। २ तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे। ३ तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति-जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ। ४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। ५ अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। ६ पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।"

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले बाइबलको शिक्षादीक्षलाई बलियोसँग पकडि राख्नुपर्दछ। बाइबल परमेश्वरले मानव प्राणीहरूलाई दिनुभएको सत्य हो जसमा संसारको बारेमा कतिपय कुराहरूको व्याख्या गर्दछन् जुन यदि बाइबल भएन भने हामी बुझ्न सक्दैनौं। त्यसैकारण सबै इसाई शिक्षादीक्षा परमेश्वरकै वचनमा आधार र जरा मानेर सिकाउनुपर्छ। कुनै पनि शिक्षा बाइबलसँग मेल खाँदैन भने त्यसलाई पोषाइ राख्नु येशूका भक्त भन्नेहरूलाई सुहाउँदैन।

मानिसहरूमा कतिपय यसता धारणा, दर्शन, विश्वास वा आस्था नै छन् जुन बाइबलसँग मिल्दैन वा बाइबलको विपरित छन्, ती केही हे होला? यस भिन्नताले गर्दा हामी परमेश्वरको वचनमै विश्वाससाथ अडिग रहनुपर्छ वा आस्थावान हुनुपर्छ भन्ने जिकिर हामीले किन गर्नुपर्छ?

## ४. उद्धारकर्ता अर्थात् मुक्तिदाताको आराधना

परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो भन्ने शिक्षा हाम्रो विश्वास अर्थात् आस्थाको निम्ति त्योमात्र आवश्यक भएको देखाउँदैन, विशेष गरेर नयाँ करारमा। नयाँ करारमा प्रायजसो सृष्टिको विद्यासँगै मुक्तिको विद्या गाँठो पारेर बुनिएको पाइन्छ। त्यो किनभने खुलस्त तरिकाले भन्नुपर्दा यस पतित संसार जहाँ पाप र मृत्युले रजाइँ गरेको छ हामी को हौं, कहाँबाट आयौं, यस संसार वा जगत कहिले सृष्टिभयो भन्ने जिज्ञासाको जवाफमात्र पुग्दैन। यस संसारमा हामी रहन्छौं, संघर्ष गर्छौं, दुःखकष्ट झेल्छौं, रोगव्याधी तथा महामारीको चपेटामा पर्छौं-तब के त? के हामी मरेपछि केवल कुनै पशुको शरीर जस्तो बाटोघाटोमा नै किन नहुन् परिरहने मात्र हौं त?

यदि हामी पशु सरह मर्छौं भने हाम्रो अस्तित्वको के मतलब? मानिस भएर जन्मेको के फाइदा वा उपलब्धी छ र? हामी जोसुकै भएपनि कुन ठूलो कुरो छ र?

त्यसकारण, हामीमा, संसारको बारेमा निर्णायिक दृष्टिकोण छ। सृष्टिको बारेमामात्र होइन मुक्तिको विद्या वा शिक्षादीक्षा छ। त्यसको अर्थ हामीमा येशू ख्रीष्ट हुनुहुन्छ जो यस संसारमा मानव चोला लिएर आउनुभयो, क्रुसमा टाँगिनुभयो र पुनरुत्थान हुनुभयो, जुन हाम्रो विश्वास तथा आस्थाको केन्द्रविन्दु हो।

(कतिपय इसाई जगतमा येशू यस संसारमा जन्मिनुभयो अनि उहाँले ठूलो काम गर्नुभयो अनि उहाँ सिद्ध वा अरू जस्तै भगवान हुनुभयो भनेर सिकाउँछन् र उहाँलाई केवल २००० वर्ष पछिदेखिको अस्तित्वलाईमात्र पहिचान गराउन खोज्छन्-प्रचलित इसाई जगतसँग अनुवादकको असहमति) तर यूहन्ना १:१-१४मा येशू को हुनुहुन्थ्यो, उहाँको अस्तित्व कहिलेदेखि थियो र उहाँले हाम्रो निम्ति के गर्नुभयो भनेर कसरी खुलासा गर्दछ? हेर्नुहोस्, "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो।

३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। ६ परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो। ७ उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए। ८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन

आए। ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्। १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"

यही सन्दर्भमा पहिलो स्वर्गदूतको सन्देश पनि हेर्नुहोस्, "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक राष्ट्र, जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, 'परमेश्वरको भय मान अर्थात् श्रद्धा गर, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर'" (प्रकाश १४:६-७ रूपान्तरित)। यसमा ध्यान दिनुहोस् कि अनन्तको सुसमाचार सृष्टिकर्ता परमेश्‍वरसँग सिधै गाँसिएको छ। त्यही परमेश्वर जसले हामीलाई सृष्टि गर्नु भयो उहाँ मानव चोला लिएर आउनुभयो, हाम्रो पापको दण्ड आफैले भोग्नुभयो-त्यसकारण त्यस परमेश्वरको आराधना गर्न आह्वान गर्दा हामी अचम्म मान्नु आवश्यक देखिन्दैन। हाम्रो परमेश्वर खास गरेर कस्तो हुनुहुन्छ भन्ने सही आत्मज्ञान हामीमा महसुस भयो भने त्यसको प्रत्युत्तरमा हामी कसरी दिने?

त्यसैकारण, येशू र क्रुसमा उहाँको मृत्यु हामीले सिकाउने सबै विद्याको केन्द्रविन्दु हुनुपर्छ र हामीले सिकाउने सबै शिक्षादीक्षामा त्यसले अग्रज स्थान पाउनुपर्छ। तर त्यसमा येशूको दोस्रो आगमनको शिक्षाले पनि प्राथमिकता पाउनुपर्छ किनभने यदि उहाँ दोस्रो पल्ट आउनुभएन भने पहिले आउनुभएकोले हामीलाई खास कुनै राम्रो गर्दैन गर्छ र? कतिले त यो पनि तर्क गर्छन् येशूको पहिलो र दोस्रो आगमन एउटै घट्नाको दुई भाग हुन्-त्यो हो, मुक्तिको योजना।

जेजति अस्तित्वमा हुन आएको छ त्यसको सृष्टि त्यही परमेश्वरले गर्नुभएको थियो (यूहन्ना १:३) जो हाम्रो निम्ति क्रुसमा मर्नुभयो। सोच्नु होस्

त्यसको अर्थ के हो? त्यसले गर्दा जब हामी आराधना गर्छौं तब त्यसमा हाम्रो उल्लासमय स्वःत किन हुनुपर्छ?

## ५. परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू

धेरै वर्ष पहिले युरोपको फ्रान्स देशमा हत्यारा जस्ता अपराधीहरूलाई दिने सजायँ मृत्यु दण्ड खारेज गर्नुपर्छ कि पर्दैन भनेर विवाद चलेको थियो। मृत्यु दण्ड खारेज गर्नुपर्छ भन्ने धारणा राख्नेहरूले त्यसबेलाको प्रख्यात फ्रान्सेली लेखक र दार्शनिक माइकल फोकल्टलाई सम्पर्क गरे। तिनीहरूको निम्ति एउटा अखबारमा मृत्युदण्ड किन खारेज गर्नुपर्छ सम्पादकीयमा लेख लेख्न अनुरोध गरे। उनले मृत्युदण्डमात्र होइन फ्रान्समा भएका सबै झ्यालखानाहरूलाई बन्द गरेर अपराधी वा कैदीहरूलाई छुट्कारा दिनुपर्छ भनेर आवाज उठाए।

उनले त्यो आवाज किन उठाए त? उनको अनुसार सबै नैतिक प्रणालीहरू मानिसहरूको उपज हो वा शासक वर्गहरूले नैतिकता वा नीतिनियमहरू बनाएर मानिसहरूलाई नियन्त्रण गर्न खोजेको हो। त्यसकारण कुनै पनि नैतिकता वा नितिहरूको यथार्थमा न्यायसङ्गत छैन।

उनको यो उग्र धारणा जस्तोसुकै भएतापनि त्यो धारणा खास गरेर कुनै नयाँ थिएन। हजारवर्ष अघि मोशाले इस्राएलीहरूलाई यो आदेश दिएका थिए "आज हामी प्रत्येकले आफ्नो दृष्टिमा सबै ठीक ठहरेको कुरा गरेझैं तिमीहरूले नगर्नु" (व्यवस्था १२:८ रूपान्तरित) ।

"त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही गर्थ्यो। न्यायकर्ताहरू", हितोपदेश १२:१५ "मूर्खको बाटो आफ्नो नजरमा ठीकै देखिन्छ, तर समझदार मानिसले अरूको सल्लाह सुन्छ")।

तर हाम्रो नजरमा ठीक छ भन्दैमा जे पायो त्यही गर्न उचित हुँदैन, किनभने हामी धर्मी होइनौं, पवित्र छैनौं, पापरहित छैनौं। हाम्रो आँखाको अगाडि आएको वा सुनेको र पढेको भरमा नैतिकरूपमा सबै ठीक छ भनेर हामी भन्द सक्दैनौं। तब के गर्ने भनेर हामीले कसरी ठम्याउने? त्यसको जवाफ परमेश्वर नै हुनुहुन्छ किनभने उहाँले हामीलाई सृष्टिमात्र गर्नुभएन हामीहरूको नैतिक जीवन कस्तो हुनुपर्छ वा हाम्रो आदर्श जीवन वा व्यवहार कस्तो हुनुपर्छ भनेर उहाँले नीतिनियमहरू दिनुभएको छ। हाम्रो आँखाले ठीकसँग हेर्न नसकौंला, तर परमेश्वरले जे गर्नु हुन्छ त्यो सधैं ठीक हुन्छ।

हामीहरूको नैतिक आचरण कस्तो हुनुपर्छ वा हामी कुन नियममा चल्नुपर्छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, व्यवस्था ६:१-९ "१ तिमीहरूले यर्दन पार गई अधिकार गर्न लागेको देशमा पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई सिकाउन मलाई हुकुम गर्नुभएका आज्ञा, विधि र विधान यी नै हुन्। २ सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका परमेश्वरको भय मानेर तिमीहरू र तिमीहरूका छोराछोरी र नातिनातिनाले उहाँका सबै विधि र आज्ञाहरू पालन गर्नू, कि तिमीहरूको आयु लामो होस्। ३ हे इस्राएली हो, यी सबै पालन गर, ताकि तिमीहरूको भलो होस्, र परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं दूध र मह बहने देशमा तिमीहरूको खूब वृद्धि पनि होस्। ४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख।", मर्कूस १२:२९-३१ "२९ येशूले जवाफ दिनुभयो, 'सबैभन्दा मुख्यचाहिँ यो होः 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ३० तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा हृदयले, तिम्रो सारा प्राणले, तिम्रो सारा समझले, र तिम्रो सारा शक्तिले प्रेम गर्।' ३१ दोस्रोचाहिँ यो हो, 'तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

यदी हामी येशूभक्त भएर मुक्तिलाई इसाईले हेरिने संसारको दृष्टिकोणको केन्द्रविन्दु हुनुपर्छ भनेर सिकाउँछौं परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पनि हाम्रो केन्द्रबिन्दु हुनुपर्छ। यदि हामीमा पाप भएन र परमेश्वरको आज्ञालाई तौडनौं भने केबाट हामी मुक्ति हुने त ("यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।" रोमी ३:२०)। परमेश्वरको व्यवस्था बिना सुससमाचारको कुनै अर्थ नै हुँदैन। त्यसले व्यवस्था वा दश आज्ञाहरूको औचित्य अझै छ भनेर हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले जिकिर गर्दछौं।

व्यवस्था पालन गरेर वा धर्मकर्म गरेर हामीले मुक्ति पाउन असमर्थ छौं, त्यसैकारणले हामीलाई सुसमाचारको किन आवश्यकता छ भनेर हामी ठम्याउँछौं।

त्यसकारणले सबै सेभेन्थ-डे एडभेन्टिस्टले सिकाउने शिक्षादीक्षामा दश आज्ञालाई जोडसँग समावेश गरिनुनै पर्दछ। एलेन जी ह्वाइटले "व्यवस्था वा दश आज्ञाहरूको निरन्तरता" भनेर सम्बोधन गर्नुभएको छ (*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६३बाट रूपान्तरित)। यसमा अरू आज्ञाहरूसहित साबथ पनि समावेश भएको छ। यदि हामीले दिने सुशिक्षाले सकेसम्म हाम्रो जीवनले परमेश्वरको स्वरुपको पुनर्स्थापना गर्ने हो भने परमेश्वरको व्यवस्थाको आधारभूत परिपाटीलाई उच्चस्तरमा राख्नैपर्छ। येशू ख्रीष्टको दृष्टिमा र उहाँको उदाहरणमा परमेश्वरको सामु हामी सहीरूपमा कसरी ठीक हुन्छौं भनेर देखाउने आधार नै परमेश्वरले दिनुभएको दश आज्ञाको आदर्श नीति हो।

## उपसंहारः

थप जानकारीः "सही शिक्षाको सत्य लक्ष्य भनेकै प्रत्येक मानव प्राणीमा परमेश्वरको स्वरुप पुनर्स्थापना गर्नु हो।" एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ५९५बाट रूपान्तरित। यो धारणालाई मध्यनजरमा राख्दा एडभेन्टिस्ट शिक्षामा संसारको दृष्टिकोण ठोसरूपमा बाइबल अनुसार हेर्नु महत्त्वपूर्ण छ भनेर हामी सोच्दछौं। हामीले अगाडि नै भन्यौं लेख्न, पढ्न वा शिक्षित भयो भन्दैमा असलै हुनुपर्छ भन्ने आवश्यक छैन। मानिसहरू शिक्षित वा ठूलो विद्वान नै हुनसक्छ तर तिनीहरूका धारणा वा मनस्थितिहरू बाइबलमा उल्लेख गरेका नीतिहरूको विपरित हुनसक्छ। त्यसैकारण हामी एडभेन्टिस्ट भएको हैशियतले हाम्रो शैक्षिक प्रणाली बाइबलले हेरिने संसारको दृष्टिकोण अनुसार हुनुपर्छ। त्यसको अर्थ हामीले सिकाउने सबै विषयबस्तुहरूमा जस्तै विज्ञान, इतिहास, संस्कृति, सभ्यता आदि बाइबलको दृष्टिकोण अनुसार सिकाउनुपर्दछ। त्यसको अर्थ संसारले सिकाउने शिक्षादीक्षामा बाइबलको मूल्यमान्यतासँग मेल खान्छ भन्ने छैन। त्यसप्रति ध्यान दिन वाध्यता पनि छैन। फेरि हामीले अघि भन्यौं कोही पनि धारणा तटस्थ भएर हेरिँदैन। सबै जीवन, जे जति वास्तविक कुराहरू छन् ती सबै कसैले हेर्दछन् भने त्यसलाई आफ्नै संसारको दृष्टिकोणलाई छानेर हेर्दछ। त्यो हेरिने दृष्टिकोण तर्क लगाएर वा विश्लेषण गरेर हेरिने भन्ने छैन वा हेर्न पनि सकिन्छ। त्यसकारण सेभेन्थ-डे

एडभेन्टिस्टको शिक्षा प्रणालीमा बाइबलले हेरिने दृष्टिकोण समेत्नुपर्छ भन्ने कुरोमा जोड दिनु जरुरी छ।

**चिन्तनमनन:**

अ. इतिहासलाई नियालेर हेर्दा कतिपय दर्शन तथा शिक्षाप्रणाली सुधारोन्मुखभन्दा विध्वंस्तामुख भएको केही उदाहरणहरू के तपाईंलाई थाहा छ? त्यसबाट हामी के सिक्न सक्छौं? यस्ता दर्शन वा शिक्षादीक्षाको विध्वंसात्मक प्रभाववाट हाम्रो शिक्षाप्रणालीलाई कसरी जोगाउने?

आ. संसारको बारेमा बाइबलबाट हेरिने केही दृष्टिकोणहरू के छन्: जस्तै परमेश्वरको अस्तित्व, सृष्टि, बाइबल, मुक्तिको योजना र परमेश्वरको व्यवस्था वा दश आज्ञा? बाइबलीय दृष्टिकोणमा समावेश गर्न अरू के के विषयबस्तुहरू समावेश गर्नु पर्छ जसले गर्दा हाम्रो शिक्षाप्रणाली परिपक्व हुन्छ?

इ. अठारौं शताब्धीका एक जना चिन्तकले यो व्यक्त गरेका थिए: "ओ विवेक! ओ विवेक! देविक तत्व भएको ओ विवेक! तिमीले अज्ञानी र अबुझलाई अगुवाइ गर्छौं, तिमी वौध्दिक र स्वतन्त्र व्यक्ति भएतापनि-असल र खराबको न्याय गर्ने अचुक वा कहिल्यै गल्ति नगर्ने न्यायधिस, जसले मानिसलाई परमेश्वरको स्वरुपमा बनाउँछौं? यस धारणामा के ठीक छ के वेठीक छ?

ई. एलेन जी ह्वाइटले व्यक्ति गरिएको मतलाई फेरि हेर्नुहोस्: "सही शिक्षाको सत्य लक्ष्य नै मानिसलाई परमेश्वरको स्वरुपमा पुनर्स्थापना गर्नु हो।" यसको अर्थ के हो? यसले गर्दा संसारलाई आफ्नै दृष्टिकोणले हेरिने शिक्षाभन्दा एडभेन्टिस्ट शिक्षा किन फरक हुनुपर्छ भनेर माथि व्यक्त गरिएको भावनाले कसरी देखाउँछ?

कथा ४

## माथिबाट हेरचाहा

### सन्दिप पी. कोलकारको, ३५,को साथमा रमैया, २९ र आयुश, भारत

एउटा सरकारी स्कूलमा सेभेन्थ-डे एडभेन्टिस्टहरूको एउटा समूहले स्वास्थ सम्बन्धी कार्यक्रम संचालन गर्दै थियो। एक दिन एक जना शिक्षिकाले एउटा एडभेन्टिस्ट दम्पतीलाई केही कुरा गर्न एक ठाउँमा सुटुक्क बोलाए। "मेरी सासु ढाडको समस्याले कष्ट पाइरहेकी छिन्। तपाईंसँग केही उपाय छ कि?" भनेर उनले सोधिन्। त्यस आइशा नामा गरेकी शिक्षिकाले त्यस दम्पत्तिलाई उनको सासुको घरमा लगिन्। त्यस दम्पत्ति, सन्दिप र राम्याले चिकित्सा तालिम भर्खर सकेका थिए। तिनीहरूले त्यस सरकारी स्कूलमा गरिरहेको कार्यक्रम तिनीहरूको तालिमपछि पहिलो कार्यक्रम थियो। बाइबल र एलेन जी ह्वाइटको शिक्षाको आधारमा रचिएको प्राकृतिक उपचार विधि सिकाउन र स्वास्थ शिक्षा कार्यक्रम भारतभरी संचालन गर्ने तिनीहरूको आशा थियो। त्यस दम्पतिले एक जना बृद्धा सासुलाई उपचार गर्न तिनीहरूलाई पहिलो अवसर मिलेको थियो। उनको नाउँ शुभाङ्गी थियो। आफ्नो ढाडको उपचारको निम्ति उनले धेरै पैसा खर्च गरिसकेकी थिइन्। अब उनी ओछ्यानमै परिरहेकी थिइन्। उनी उठ्न र हिंड्न असमर्थ भएकी थिइन्। उनी आफ्नो घरमा एक्लै थिइन्। उनकी बुहारी त्यही घरमा रहन्थिन्। तर सासुलाई स्याहार गर्न दिक्क लागेकोले शुभाङ्गीको छोरा र नातीसँग अर्कै डेरामा उनी सरेकी थिइन्। सन्दिपले सासुका औषधी उपचारको बारेमा सिफारिस गरेको धेरै कागजहरू हेर्न थाले र राम्याले उनको औषधीले भरिएको बोटलहरू हेर्न थालिन्। तिनीहरू एक आपसमा निराश भएर हेराहेर भए। सासुलाई के गर्ने भनेर तिनीहरूलाई थाहा नै भएन। तिनीहरूले आफ्नो तालिम भर्खर सकेको थियो र यस्तो गम्भिर रोगीलाई प्राकृतिक उपचारद्वारा कसरी निको पार्ने भनेर कहिल्यै पनि व्यवहारमा लागु गरेका थिएनन्। त्यसकारण तिनीहरूको एउटै उपाय थियोः प्रार्थना जुन् तिनीहरूले गरे। "हामीले केही प्रयास गरौं। के तपाईंले ती सबै औषधीहरू पाँचदिनसम्म नखाने निर्णय गर्न सक्नुहुन्छ?" सन्दिपले सोधे। शुभाङ्गीले हुन्छ भनिन्। अनि उपचार सुरु भयो। राम्याले  हाइड्रोथेरापी वा पानीबाट उपचार गर्न सुरु गरिन्। बिहान र बेलुका उनले शुभाङ्गीलाई मसाज गरिन्। उनले खानाको निम्ति हरियो सागपातको रस शुभाङ्गीलाई ख्वाइन्। उपचार सुरुभएको तेस्रो दिनमा शुभाङ्गी आफ्नो औछ्यानबाट उठिन् र धेरै महिनापछि पहिलो पल्ट हिंड्न थालिन्। उनी अत्यन्ति हर्षित भएर आँखाबाट आँशु तरर झारिन्।

"मेरो छोरा र बुहारीले मलाई त्यत्तिकै मरोस् भनेर छोडेर गएका थिए। तिनीहरूले मलाई स्याहार नै गर्न छोडे। मेरो बिमारले तिनीहरूलाई दिक्क बनाएको थियो" उनले आफ्नो दुःख पोखाइन्। "परमेश्वरलाई प्रार्थना गर्नुहोस् र उहाँले तिनीहरूलाई तपाईंकहाँ ल्याउनुहुनेछ" सन्दिपले भने। शुभाङ्गी इसाई त थिइनन्। उनको घर एउटा पनि इसाई नभएको गाउँमा थियो। साँच्चै भनौं भने त्यस गाउँमा कसैको हातमा बाइबल देख्यो भने गाउँलेहरूले बबाल मच्चाउँथ्यो। सन्दिपले मनमनै प्रार्थना गरेर शुभाङ्गीलाई उनकै भाषामा बाइबल दिइन्। "यस बाइबलबाट दिनको एक पाना पढ्नुहोस् र येशूलाई प्रार्थना गर्नुहोस्। उहाँले तपाईंको छोरा, बुहारी, र नातीलाई तपाईंकै घरमा ल्याउनुहुनेछ।" सन्दिपले उनलाई आश्वास्त पारे। पाँच दिनको उपचारपछि सासु राम्रैसँग निको भयो र उनलाई केही दुखाइ पनि भएन। उनी त पूरा स्वस्थ भइसकेकी थिइन्। दस दिनपछि उनले सन्दिपलाई फोन गरिन्। "बाबु तिमीले मलाई बाइबल पढ र मेरो छोरो मेरो घरमा फर्केर आउँछ भनेर भनेको थियौ। प्रार्थनाको जवाफ मैले पाएको छैन। दस दिन भयो ऊ फर्केर आएको छैन।" उनले दुखेसो पोखिन्। शुभाङ्गीले बाइबल दिनको तीनपटक पढेकी थाहा पाए। बिहान, दिउँसो र बेलुका गरेर डाक्टरको औषधी जस्तै उनले पढेकी थिइन्। परमेश्वरले उनको प्रार्थनाको जवाफ छिट्टै दिउन् भनेर उनी चाहन्थी। सन्दिपले भने "प्रार्थना गर्दै गर्नुहोस्। परमेश्वरले अचम्मको काम गर्नुहुनेछ।" तीन दिनपछि बुहारीले सन्दिपलाई मोइबाइलबाट सन्देश पठाइन् "मेरी सासुको घरमा म जाँदैछु।" अनि केही दिनपछि नै फेरि परिवारको पूनर्मिलन भयो। उनले नियमितरूपमा बाइबल पढ्छिन्। उनले नै सन्दिप र राम्यालाई बाइबलको पद पठाउन थालिन् र प्रार्थना पनि गर्न थालिन्। सन्दिप र राम्या अत्यन्त खुशी भइन्। "कमसेकम हामीले जे सुरु गऱ्यौं त्यो राम्रै गऱ्यौं" राम्याले भनिन्। "उनी हाम्रो पहिलो बिरामी थिइन्। त्यस रोगलाई कसरी सम्हाल्ने भनेर हामीलाई थाहा थिएन। चिकित्सा तालिमले हामीलाई केवल दुईवटा आधारभूत नीतिमात्र सिकाएको थियो। तर परमेश्वरले हामीलाई अगुवाइ गर्नुभयो। यो चमत्कारै भयो।" सन्दिपले यस लेखकलाई सुनाए। एलेन जी ह्वाइटद्वारा लिखित "अ हल टु मेडिकल इभान्जलिजम एण्ड हेल्थ एजुकेशन" पृ. १२बाट उतार्दै उनले थपे "चिकित्सा मिसिनेरी मानिसको शरीरमा उपचार गर्छ भने परमेश्वरले हृदयमा काम गर्नुहुन्छ।"

-आन्द्र्यु मेकचेस्नी